मिति : २०७६। ०१। ०४

श्रीमान वडा अध्यक्ष ज्यू
पो.म.न.पा वडा नं -६ , बैदाम

विषय : मापदण्ड विपरित बाहिरी गोल भर्याङ्ग राखिएको विषयमा ।

महोदय ,

उपरोक्त सम्बन्धमा  पोखरा महानगरपालिका वडा नं - ६ शान्तिपथ स्थित दिपक बरालको नाममा रहेको कित्ता नं - ११८ को जग्गामा फुटपाथ माथि नै पर्ने गरी गोल भर्याङ्ग राखिएको छ । उक्त प्रकारको भर्याङ्ग यस क्षेत्रबाट पहिला नै हटाई सकिएको हो र उक्त भर्याङ्ग बस्ती विकास , सहरी विकास योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन , २०७२ को बुँदा नम्बरहरु

१४.३१ अब निर्माण हुने सडकको कुनै पनि बाटोको न्यूनतम चौडाई ६ मी. हुनु पर्नेछ र नापी तथा मालपोत कार्यालयहरुलाई सोही बमिजिमले स्रेस्ता, नक्सा तथा अभिलेखहरुमा बाटो कायम गरी यस व्यवस्थाको कार्यन्वयन गर्न लेखि पठाउनु पर्नेछ। । यस्ता बाटोमा भवन निर्माण स्वीकृत दिंदा केन्द्रबाट कम्तिमा ३ मीटर सडकको क्षेत्राधिकार (RoW) र सडक क्षेत्राधिकार सिमाबाट १.५ मीटर सेट ब्याक छाडेर मात्र निर्माण स्वीकृति दिनु पर्नेछ । तर हिमाली/पहाडी जिल्लाका उपत्यका (valley) एवं समथल भू-भाग देखि बाहेकका भिरालो क्षेत्रमा प्राविधिकरुपमा उक्त ६ मिटर चौडाई कायम गर्न सम्भव नभएमा प्राविधिकको प्रतिवेदनको आधारमा सम्बन्धित स्थानीय निकायको परिषद्को निर्णयबाट ४ मिटरमा नघट्ने गरी निर्धारण गर्न सक्नेछ।

१४.३२ भवनको प्लिन्थको उचाई वाटोको अधिकार क्षेत्र तथा तोकिएको सेटबयाकलाई हानी नपुग्ने गरी राख्नु पर्नेछ । सडकको अधिकार क्षेत्र अतिक्रमण गरी खुडकिला, र्‍याम्प आदि राखिएमा भवन निर्माण सम्पन्न प्रमाणपत्र दिन सकिने छैन ।

१४.३३ भवनमा १ मीटर भन्दा लामो छज्जा वा वार्दली निर्माण गर्नु परेमा नक्सा पास निवेदन साथ सोको समेत स्ट्रक्चरल डिजाइन पेश गर्नु पर्नेछ । सडकको क्षेत्राधिकार र सेटब्याक क्षेत्रमा पर्ने गरी छज्जा , बार्दली वा टप वा अन्य कुनै संरचना निर्माण गर्न पाईने छैन।

को पुर्णरुपमा उल्लङ्घन गरिएको छ।

साथै उक्त भर्यांग प्रयोग गरि संगैको घरमा प्रवेश गरि विभिन्न बदमासी गरिरहेको पनि छ । निकट भविष्यमा सो भर्यांग प्रयोग गरि वरिपरिको घरहरुमा समेत अन्य आपराधिक घटना समेत घट्न सक्ने हुदा उक्त भर्यांगको बिषयमा कारबाही अगाडी बढाउन हार्दिक अनुरोध गर्दछु ।

२०७६/०१/०४

निवेदक
कमल प्रसाद बराल
९८४३८००२३१

/

श्री

मिति : २०७६। ०२ ।०३

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
पोखरा महानगरपालिका ,गण्डकी प्रदेश

बिषय : मापदण्ड बिपरितको गोल भर्यांग नहटाईएको बिषयमा ।

मंहोदय,

उपरोक्त बिषयमा पोखरा महानगरपालिका वडा नं - ६ ,शान्तिपथ स्थित दिपक बरालको नाममा रहेको कित्ता नं - ११८ को जग्गामा फूटपाथ माथिनै पर्ने गरि गोल भर्यांग राखिएको बिषयमा सुरुदेखि नै विभिन्न समयमा विभिन्न निकायमा बिधुतिय तथा अन्य माध्यमबाट उजुरी गर्दै आएको पनि हो तर हरेक पटक एउटा एउटा माध्यमबाट त्यसलाई विफल बनाउने काम भयो । कहिले पुरानो नै संरचना भनि टोल विकास संस्थाबाट सिफारिस दिने त कहिले अरुनै माध्यम बाट जोगाउने प्रयास भयो । उक्त प्रकारको भर्यांग यस क्षेत्रबाट पहिला नै हटाई सकिएको हो र उक्त भर्यांग बस्ति विकास ,सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन,२०७२ को बुदा नम्बरहरु १४.३१ , १४.३२ र १४.३३ को पुर्णरुपमा उलंघन गरिएको छ । यस बिषयमा सम्बन्धित वडा कार्यालयमा मिति २०७६ ।०१ ।०४ गतेका दिन लिखित निबेदन पनि पेश गरेको हु । यसरि वहारुको दायित्वमा पर्ने काम हामीले उजुरी गर्दा पनि किन नहटेको हो र वहाहरुको यस्तो नियम बिपरितको भर्यांग प्रतिको मोह किन होला ? भन्ने बिषयमा अचम्म लागेको छ । साझा सम्पत्ति एउटा सरकारी निकाय मात्र नभई यो जनचासोको पनि बिषय हो भन्ने भावले हजुर समक्ष वडा कार्यालयमा दिएको निवेदनको प्रतिलिपि सहित यो निबेदन पेश गरेको छु । साथै हजुरहरु बाट पनि यस बिषय प्रति उपेक्षा नहोला भन्ने अपेक्षाका साथ यस बिषयमा कारबाही अघि बढोस भनि हार्दिक निबेदन गर्दछु ।

श्री विपद व्यवस्थापन तथा निरीक्षण महाशाखा
श्रीमानको निर्देशानुसार अनुरोध छ

निवेदक :
कमल प्रसाद बराल
९८५६०००२३१

# पोखरा महानगरपालिका

## ६ नं वडा कार्यालय

पोखरा

गण्डकी प्रदेश, नेपाल

फोन नं ०६१-४६४४३३

फ्याक्स:

च.नं. १६२४

पत्र संख्या: ०७६/७७

मिति : २०७६/०२/७

लिखितम सम्बन्धमा पोखरा महानगरपालिका वडा नं ६ शान्तिपथ मार्गको दिपक बरालको नाममा रहे घरको भऱ्याङ र पेटी बाटोको चौडाइ गटर-गटर ३१' फिट रहेको तथा त्यसको केन्द्र बिन्दुबाट हेर्दा भन्दा २०' फिटमा रहेकोले उक्त पेटीको भऱ्याङ हटाउनको लागि पोखरा महानगरपालिका वडा कार्यालय ६ मिती २०७६।०२।५ को च.न.१६११ को पत्र बमोजिम एक हप्ता भित्र हटाउनका लागि निजलाई पत्राचार र पत्र बुझ्न नमान्नु भएकोले उक्त पत्र निजको घर कम्पाउण्डमा टाँस गर्न तपशिल बमोजिमका मानिसहरु रोहबरमा पत्र टाँस गरियो ।

साक्षीहरु

पोखरा महानगरपालिका वडा नं ६ बस्ने वर्ष ५८ का कमल प्रसाद बराल

ऐ . ऐ .................... बस्ने वर्ष ५२ श्याम कुमार कुँवर

ऐ...ऐ.................... बस्ने वर्ष ५४ (रामनाथ) पहाडी

ऐ ऐ .................... बस्ने वर्ष ....................

रोहवर

पोखरा महानगरपालिका वडा नं ६ वडा अध्यक्ष श्री जगत बहादुर पहारी

वडा अध्यक्ष

काम तामेली गर्ने :

पोखरा महानगरपालिका वडा कार्यालय वडा नं ६ का राजु बहादुर कोइराला

नायब सुब्बा

वि.स .२०७६ साल ०२ महिना १० गते ६ रोज शुभम्